कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम काम कारोवार गर्न इजाजतपत्रप्राप्त

वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड
Womi Laghubitta Bittiya Sanstha Ltd.
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजत प्राप्त वित्तीय संस्था)


भरतपुर -१२, चितवन

फोन नं. ०५६-५२०४०६ फ्याक्स: ०५६-५२०४०६

**इमेल** :womimf@hotmail.com; **वेवसाइट**:www.womimfi.com


को

# "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु"

दरखास्तसाथ प्रति साधारण शेयर रु १००/- का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।

रु १०,१०,८८,०००/- बराबरको प्रति शेयर रु.१००/- अंकित दरका १०,१०,८८० कित्ता साधारण शेयरको एक शेयर बराबर एक शेयर (१ : १) (अर्थात विद्यमान एक कित्ता साधारण शेयर बराबर नयाँ एक कित्ता साधारण शेयर) को अनुपातमा रु १०,१०,८८,०००/- बराबरको प्रति शेयर १००/–अंकित दरका १०,१०,८८० कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्नको लागि प्रकाशित ।

## निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण:

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको ब्यबस्थापकिय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सहि देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" स्वीकृतीका लागि नेपाल धितोपत्र वोर्डमा "धितोपत्र सम्वन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

धितोपत्रको लगानीमा हुन सक्ने जोखिम बारे लगानीकर्ता स्वयंले विचार गर्नु पर्नेछ । यस लघुवित्त वित्तीय संस्थाले गरेको काममा निहित सम्भावित आर्थिक जोखिमहरु बारे यस विवरणको दफा "थ" मा उल्लेख गरिएको छ ।

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार साविक शेयरधनीहरुमा निष्काशन गरिने हकप्रद शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको ब्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई अप्रिल, २०१९ मा "ईक्रा एनपि आईपियो ग्रेड ४+" प्रमाणपत्र प्राप्त गरेको छ । "ईक्रा एनपि आईपियो ग्रेड ४+" ले संगठित संस्थाको अवस्था औषत भन्दा तल आधार (Below Average Fundamentals) रहेको देखाउछ । सो सम्बन्धी विवरण यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" को दफा (व) मा उल्लेख गरिएको छ ।

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०७६/०३/१२

निष्काशन खुल्ला हुने मिति : २०७६/०४/०९

निष्काशन बन्द हुने मिति : २०७६/०५/११

**धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक:**

Siddhartha Capital Limited
Investing happiness


**सिद्धार्थ क्यापिटल लिमिटेड**

पो.व.नं.२१२००, नारायणचौर, काठमाण्डौ,

फोन नं. ४४२०९२४/४४२०९२५

फ्याक्स नं. ४४२०९२९

इमेल:scl@siddharthacapital.com

वेवसाइट: www.siddharthacapital.com

क)	**संगठित संस्थाको नाम :** वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड Womi Laghubitta Bittiya Sanstha Limited

ख)	**संगठित संस्थाको रजिष्टर्ड कार्यालय :** यस लघुवित्त वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं. १२, भरतपुरमा रहेको छ ।

ग)	**कारोवार स्थान :** यस लघुवित्त वित्तीय संस्थाको कारोवार स्थान देहाय बमोजिम रहेको छ । साथै आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई यस लघुवित्त वित्तीय संस्थाले नेपाल भर शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोवार गर्न सकिनेछ ।

| **क.स.** | **शाखा कार्यालयको नाम** | **ठेगाना** |
|---|---|---|
| १ | खानिखोला शाखा | धुनीवेसी न.पा. धादिङ्ग |
| २ | बेनिघाट शाखा | बेनिघाट रोराङ्ग गा. पा. धादिङ्ग |
| ३ | ज्यातिनगर शाखा | भरतपुर म.न.पा. चितवन |
| ४ | हटिया शाखा | हेटौडा उ.म.न.पा. मकवानपुर |
| ५ | रजहर शाखा | देवचुली न.पा. नवलपरासी |
| ६ | विरेन्द्रनगर शाखा | राप्ती न.पा. चितवन |
| ७ | नाला शाखा | बनेपा न.पा. काभ्रे |
| ८ | तिलकपुर शाखा | सरावल गा.पा. नवलपरासी |
| ९ | थर्पु शाखा | मेग्दी गाउँपालिका तनहुँ |
| १० | लामाचौर शाखा | पोखरा लेखनाथ म.न.पा. कास्की |
| ११ | नवलपुर शाखा | हेटौडा उ.म.न.पा. मकवानपुर |
| १२ | ताहुँ शाखा | रम्भा गाउँ पालिका पाल्पा |
| १३ | शाँखर शाखा | चापाकोट न.पा. स्याङजा |
| १४ | तार्कु शाखा | सुन्दरबजार न.पा लमजुङ्ग |
| १५ | गिरुवारी शाखा | हुप्सेकोट गाउँपालिका नवलपरासी |
| १६ | ओखलढुंगा शाखा | सिद्धिचरण न.पा. ओखलढुंगा |
| १७ | बसेनी शाखा | भरतपुर म.न.पा. चितवन |
| १८ | शुक्रौली शाखा | रामग्राम न.पा. नवलपरासी |
| १९ | हात्तिखर्क शाखा | छथर जोरपाटि गाउँपालिका धनकुटा |
| २० | देउराली शाखा | गोरखा न.पा. गोरखा |
| २१ | हाटखोला शाखा | त्रियुगा न.पा. उदयपुर |
| २२ | धमिले शाखा | कपिलाकोट गा.पा. सिन्धुली |
| २३ | सिमरा शाखा | जितपुर सिमरा उ.म बारा |
| २४ | भलवारी शाखा | तिलोत्तमा न.पा. रुपन्देही |
| २५ | बहुअर्वाभाठा | विन्दवासीनी गा.पा. पर्सा |
| २६ | चन्द्रनिगाहापुर | चन्द्रपुर न.पा. रौतहट |
| २७ | परवानीपुर | परवारीपुर गा.पा. बारा |
| २८ | लालबन्दी | लालबन्दी न.पा. सर्लाही |
| २९ | ओदारी | बाँडगंगा न.पा. कपिलबस्तु |
| ३० | बनगाउँ | लमही न.पा. दाङ्ग |
| ३१ | कोहलपुर | कोहलपुर न.पा. बाँके |
| ३२ | बर्दिबास | बर्दिवास नं.पा. महोत्तरी |
| ३३ | धनुषा धाम | धनुषाधाम न.पा. धनुषा |
| ३४ | लहान | लहान नगरपालिका सिराहा |
| ३५ | जिरिखिम्ति | म्यागंलुङ्ग नगरपालिका तेह्रथुम |
| ३६ | नवमी | देउमाई नगरपालिका ईलाम |
| ३७ | घुम्तिबजार | कालिका गाउँपालिका रसुवा |
| ३८ | बट्टार | विदुर नगरपालिका नुवाकोट |
| ३९ | विरेन्द्रबजार | रुपनी गाउँ पालिका सप्तरी |
| ४० | ईनरुवा | ईनरुवा नगरपालिका सुनसरी |
| ४१ | पाँचखाल | पाँचखाल नगरपालिका काभ्रे |

| | | |
|---|---|---|
| ४२ | सुकदेव चोक | यमुनामाई गाँउपालिका रौतहट |
| ४३ | बरियारपुर | महागडीमाई नगरपालिका पर्सा |
| ४४ | खजुरा | खजुरा गाँउपालिका बाँके |
| ४५ | भूरीगाँउ | ठाकुरबाबा नगरपालिका बर्दिया |
| ४६ | गुलरिया | गुलरिया नगरपालिका बर्दिया |

**घ) संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**

**कम्पनीको संक्षिप्त परिचय :**

यस लघुवित्त वित्तीय संस्था २०६८/०२/२६ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रूपमा दर्ता भएको हो । यस लघुवित्त वित्तीय संस्थाले मिति २०६८/११/१९ गते वित्तीय संस्थाको रूपमा वित्तीय कारोवार गर्न नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त गरी मिति २०६८/११/२५ गतेका दिनदेखि औपचारिक रुपले कारोवार शुभारम्भ भएको यस लघुवित्त वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट राष्ट्रियस्तरको कार्य क्षेत्रको स्वीकृती प्राप्त गरेको छ । यस लघुवित्त वित्तीय संस्थाका संस्थापक तथा सञ्चालकहरुमा वित्तीय क्षेत्र, सरकारी, गैर सरकारी, शैक्षिक क्षेत्र, कृषि, उद्योग तथा व्यापार क्षेत्र एवम् व्यवस्थापनमा लामो समयदेखि कार्यरत अनुभवी प्रतिष्ठित व्यक्तिहरु रहनु भएको छ ।

**कम्पनीको उद्देश्य :**

लघुवित्त वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ मा उल्लेख भए बमोजिम नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही वित्तीय कारोवार गर्ने यस लघुवित्त वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :-

(क) कृषि, घरेलु उद्योग जस्ता उत्पादनशील क्षेत्र र सेवा व्यवसायहरु सञ्चालन गर्न लघुकर्जा सुलभ गराउने ।

(ख) उपलब्ध शीप, श्रम तथा पूँजीलाई परिचालन गरी ग्रामीण क्षेत्रको विकासमा योगदान पुर्‍याई देशको आर्थिक विकासमा सहयोग पुर्‍याउने ।

(ग) ग्रामीण क्षेत्रका विपन्न वर्ग खासगरी महिला तथा बेरोजगार युवाहरुलाई समग्र लघुवित्तको दायरामा समेटेर बैंकिङ्ग कर्जा तालिम तथा जनचेतनाको माध्यमबाट उनीहरुको रोजगारी र आर्थिक एवं सामाजिक अवस्थामा सुधार ल्याउन सहयोग पुर्‍याउने ।

(घ) वित्तीय संस्थाको आफ्ना समूह सदस्य तथा नेपाल राष्ट्र बैंकको नीति, निर्देशन अनुरुप सर्वसाधारणबाट समेत निक्षेप संकलन गरी लघुकर्जामा पहूँच अभिवृद्धि गर्ने ।

(ङ) सबै निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने ।

(च) समाजमा पिछडिएका गरीब, साना किसान, दलित जनजाती आदिलाई समेटेर लघुवित्तमा तालिम तथा अन्य प्राविधिक ज्ञान दिने ।

(छ) प्रचलित कानुन बमोजिम ऋणी सदस्यको बीमा गर्ने प्रयोजनका लागि बीमा अभिकर्ताको रुपमा कार्य गर्ने तथा नेपाल राष्ट्र बैंकले तोकेका अन्य कार्यहरु गर्ने ।

यस लघुवित्त वित्तीय संस्था र नागरिक लघुवित्त वित्तीय संस्था लिमिटेड, बनेपा, काभ्रेपलाञ्चोकलाई नेपाल राष्ट्र बैंकबाट मिति २०७६/०१/२९ गते एक आपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनका लागि सैद्धान्तिक सहमति प्रदान गरिएको छ ।

**ङ) शेयर पूँजीको संरचना :**

क) **अधिकृत पूँजी** : यस लघुवित्त वित्तीय संस्थाको अधिकृत पूँजी रु.४०,००,००,०००/–(अक्षेरुपी चालिस करोड) रहेको छ । जसलाई प्रति शेयर रु.१००/– का दरले जम्मा ४०,००,००० (चालिस लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

ख) **जारी पूँजी :** यस लघुवित्त वित्तीय संस्थाको जारी पूँजी रु. २०,२१,७६,०००/–(अक्षेरुपी बिस करोड एक्काईस लाख छयाहत्तर हजार मात्र) रहेको छ । जसलाई प्रति शेयर रु.१००/–का दरले जम्मा २०,२१,७६० कित्ता (बिस लाख एक्काईस हजार सात सय साठ्ठी) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

ग) **चुक्ता पूँजी** : हाल यस लघुवित्त वित्तीय संस्थाको चुक्ता पूँजी रु. १०,१०,८८,०००/-(अक्षेरुपी दश करोड दश लाख अठासी हजार मात्र )रहेको छ । जसलाई प्रति शेयर रु.१००/–का दरले जम्मा

१०,१०,८८० (दश लाख दश हजार आठ सय असी ) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ। यस हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात लघुवित्त वित्तीय संस्थाको चुक्ता पूँजी रु. २०,२१,७६,०००/- (अक्षेरुपी बिस करोड एकाइस लाख छयहत्तर हजार) हुनेछ।

**च) हकप्रद शेयर निष्काशन गर्नुपूर्व र निष्काशन पश्चात हुने संगठित संस्थाको चुक्ता पूंजीको स्थिती :**

**हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पूर्व हुने चुक्ता पूंजीको संरचना :**

| समूह | शेयरधनी | शेयर कित्ता | पूंजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ५,१५,५४८।८० | ५१% | ५,१५,५४,८८० | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत) | ४,९५,३३१।२० | ४९% | ४,९५,३३,१२० | शतप्रतिशत |
| | **जम्मा** | **१०,१०,८८०** | १०० % | **१०,१०,८८,०००** | |

**हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात हुने चुक्ता पूंजीको संरचना :**

| समूह | शेयरधनी | शेयर कित्ता | पूंजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | १०,३१,०९७।६० | ५१% | १०,३१,०९,७६० | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत) | ९,९०,६६२।४० | ४९% | ९,९०,६६,२४० | शतप्रतिशत |
| | **जम्मा** | **२०,२१,७६०** | १०० % | **२०,२१,७६,०००** | |

**छ) हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या :**

| क्र.सं. | संस्थापकको नाम | ठेगाना | शेयर कित्ता |
|---|---|---|---|
| १ | विमला उपाध्याय घिमिरे | बौद्ध, जोरपाटी ३, काठमाण्डौ | २५,२७२.०० |
| २ | बिन्दीया श्रेष्ठ प्रधान | बानेश्वर ३४,काठमाण्डौ | २५,२७२.०० |
| ३ | ललिता कुमारी उपाध्याय | चावहिल ७,काठमाण्डौ | २५,२७२.०० |
| ४ | गंगा श्रेष्ठ | असन केलटोल ४७, काठमाण्डौ | १६,८४८.०० |
| ५ | रामेश्वरी श्रेष्ठ | सुविधानगर,तिनकुने ३५, काठमाण्डौ | २५,२७२.०० |
| ६ | लिला देवी श्रेष्ठ | चावहिल ७, काठमाण्डौ | २५,२७२.०० |
| ७ | कुन्ति श्रेष्ठ मास्के | ओखलढुङ्गा ६,ओखलढुङ्गा | २५,२७२.०० |
| ८ | मेनका देवी श्रेष्ठ | भैरव टोल ७, काठमाण्डौ | २५,२७२.०० |
| ९ | रामप्यारी कर्माचार्य श्रेष्ठ | वौद्ध,चुच्चेपाटी चावहिल ७ | २५,२७२.०० |
| १० | सरस्वती जोशी | वौद्धनाथ सडक,चुच्चेपाटी चावहिल ७ | १६,८४८.०० |
| ११ | सपना श्रेष्ठ | पेप्सी फाँट,सिनामंगल ३५ | १६,००६.०० |
| १२ | मुना पोखरेल श्रेष्ठ | शान्तिनगर,बानेश्वर ३४, काठमाण्डौ | १०,१०९.०० |
| १३ | अर्चना शर्मा रिजाल | बानेश्वर १०, काठमाण्डौ | २५,२७२.०० |
| १४ | निरा अधिकारी | मण्डिखाटार ७, काठमाण्डौ | १०,००४.०० |
| १५ | कृति अधिकारी | धुम्बाराही ४, काठमाण्डौ | २४,६९२.८० |
| १६ | दिव्येश्वरी कार्की क्षेत्री | बुद्धनगर १०, काठमाण्डौ | ५,०५५.०० |
| १७ | कान्ति राजभण्डारी | सुविधानगर,तिनकुने ३५, काठमाण्डौ | २५,२७२.०० |
| १८ | कल्पना मास्के | धुम्बाराही ४, काठमाण्डौ | २५,२७२.०० |
| १९ | मीना श्रेष्ठ | जोरपाटी, काठमाण्डौ | २२,७८६.०० |
| २० | दिव्येश्वरी श्रेष्ठ | सरस्वतीनगर चावहिल ७,काठमाण्डौ | २५,२७२.०० |
| २१ | जयन्ती घिमिरे | लामाटार ६,ललितपुर | १२,९६०.०० |
| २२ | साधना उपाध्याय | कुमारीगाल ८, काठमाण्डौ | २५,२७२.०० |
| २३ | अनिता भन्तना | जयमंगला,रत्न नगर १३, चितवन | ७,७४०.०० |
| २४ | शिरीष प्रधान | बानेश्वर ३४, काठमाण्डौ | ७,७४०.०० |
| २५ | नीरु उपाध्याय | बानेश्वर १०, काठमाण्डौ | १६,००६.०० |
| २६ | किशोरी थापा | आलोकनगर ३४, काठमाण्डौ | २०,२१८.०० |
| | | **संस्थापक समूहको जम्मा** | ५,१५,५४८।८० |

| | |
|---|---|
| **सर्वसाधारण समूहको जम्मा (कर्मचारीहरु समेत)** | ४,९५,३३१।२० |
| **विद्यमान जम्मा शेयर कित्ता** | **१०,१०,८८०** |

**ज) निष्काशन गरिने हकप्रद शेयरको संख्या र त्यसको अनुपात :**

लघुवित्त वित्तीय संस्थाको चुक्ता कुल साधारण शेयर संख्या १०,१०,८८० कित्ताको एक शेयर बराबर नयाँ एक शेयर (१ : १) को अनुपातमा (अर्थात विद्यमान एक कित्ता साधारण शेयर बराबर नयाँ एक कित्ता साधारण शेयरका दरले) प्रति शेयर रु.१००/- का दरले जम्मा १०,१०,८८० कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिने छ ।

**झ) धितोपत्र निष्काशन गर्ने सम्बन्धमा विशेष साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :**

**हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा विशेष साधारण सभाले गरेको निर्णय :**कम्पनीको पूँजी बृद्धि गर्न १:१ (एक शेयर बराबर एक शेयर) बराबर हकप्रद शेयर जारी गर्ने निर्णय भयो ।

**हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा विशेष साधारण सभा सम्पन्न भएको मिति :** मिति २०७५।११।०६ गते सोमवार विशेष साधारण सभा ।

**ञ) संचालकहरुको परिचय :**

लघुवित्त वित्तीय संस्थाको संचालक समितिमा हाल निम्न बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ ।

| सि.नं. | नाम | पद | योग्यता | ठेगाना | अनुभव | समुह |
|---|---|---|---|---|---|---|
| १. | श्री बिन्दीया श्रेष्ठ प्रधान | अध्यक्ष | एम.ए. | नयाँ बानेश्वर-३४, काठमाण्डौ | नेपाल राष्ट्र बैंकमा लघुवित्त, नियमन, अनुसन्धान विभाग लगायतकाविभिन्न विभागमा ३० वर्षको अनुभव | संस्थापक |
| २. | श्री बिमला उपाध्याय घिमिरे | सञ्चालक | एम.ए. | बौद्ध, जोरपाटी-३, काठमाण्डौ | नेपाल राष्ट्र बैंकमा नियमन, संस्थागत योजना, गभर्नरको कार्यालय लगायतकाविभिन्न विभागमा ३० वर्षको अनुभव | संस्थापक |
| ३. | श्री किशोरी थापा | सञ्चालक | एम.ए. | आलोकनगर -३४, नयाँबानेश्वर , काठमाण्डौ | नेपाल राष्ट्र बैंकमा लघुवित्त, नियमन लगायत विभिन्न विभागमा ३० वर्षको अनुभव | संस्थापक |
| ४. | श्री शिव प्रसाद मिश्र | सञ्चालक | आइ.कम | हेटौडा-९, मकवानपुर | खाद्यान्न तथा पोल्ट्री सम्बन्धि व्यवसायमा १५ वर्षको अनुभव | सर्वसाधारण |
| ५. | श्री कृष्ण राज सिलवाल | सञ्चालक | एम.ए. तथा बि.एल. | बेनीघाट-७, धादिङ्ग | नेपाल राष्ट्र बैंकमा कानुन विभाग लगायत जनशक्ति व्यवस्थापन, बैंक सुपरिवेक्षण, नेपाल बैंक व्यवस्थापन समुह लगायत विभिन्न विभागमा ३० वर्षको अनुभव | सर्वसाधारण |
| ६. | श्री कमला सापकोटा | सञ्चालक | साक्षर | कुशादेबी-१, काभ्रे | शेयर बजारमा लगानीकर्ताको रुपमा ७ वर्षदेखि निरन्तर सक्रिय | सर्वसाधारण |

**नोट :** नेपाल राष्ट्र बैंकले तोकेको योग्यता तथा अनुभव पुगेको स्वतन्त्र संचालक नियुक्त हुन बाँकी रहेको ।

**लघुवित्त वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको विवरण :**

| नम | ठेगाना | योग्यता | अनुभव |
|---|---|---|---|
| प्रमेश आचार्य | हेटौंडा-७, मकवानपुर | एम.बि.ए तथा एम.ए. | • छिमेक लघुवित्त विकास बैंकमा तालिमे देखि पदोन्नती भई अधिकृत पदमा ४ वर्ष कार्य गरेको । • ईन्फास्ट्रक्चर डेभलपमेन्ट बैंकमा अधिकृत पदमा २ वर्ष कार्य गरेको । • यूनाईटेड फाईनान्समा सहायक प्रबन्धक पदमा १ वर्ष कार्य गरेको । • अल्पाईन डेभलपमेन्ट बैंकमा प्रबन्धक पदमा २ वर्षकार्य गरेको । • २०६९ चैत्र १४ देखि वोमी लघुवित्त वित्तीय संस्था लिमिटेडमा प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत रहेको । |

**ट) संचालक समितिको बनौट :**

लघुवित्त वित्तीय संस्थाको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक रहेको एक सञ्चालक समिति देहाय बमोजिम हुनेछ।

| | |
|---|---|
| संस्थापक शेयरधनीहरुको समूहबाट मनोनित वा निर्वाचित | ३ (तीन) जना |
| सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गरी निर्वाचित | ३ (तीन) जना |
| स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक | १ (एक) जना |

सञ्चालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ ।

**ठ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :**

साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको एक शेयर बराबर एक शेयर (१ : १) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले आवेदन दिन सक्नेछन । दरखास्त साथ प्रति शेयर रु.१००।– को दरले आवेदन दिने शेयर संख्यालाई गुणान गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम निष्काशन बैंक वा तोकिएको संकलन केन्द्रमा जम्मा गरेको भौचर वा बैंक ड्राफ्ट दरखास्त फारमसाथ संलग्न भएको हुनुपर्नेछ । शेयरधनीहरुले आफ्नो हक भन्दा कम शेयरको लागि दरखास्त दिन सक्नेछन् ।

**ड) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको विकी गर्ने सम्बन्धी व्यवस्था :**

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयर भन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बाँकी रहन गएको खण्डमा यसरी बाँकी रहन गएका अवितरित शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार सञ्चालक समितिले तोकेबमोजिम अत्यन्त पारदर्शी तरिकाद्वारा (जस्तै लिलाम बढाबढ) बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ताहरु सबैलाई समान अवसर प्रदान गरिनेछ ।

**ढ) हकप्रद शेयर भए सो को अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :**

शेयरधनीहरुले आफूले हकप्रद आधारमा दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन मिल्ने छैन तर आवेदन दिंदा साविकका शेयरधनीहरुको आफ्नो हक वापतको शेयर खण्डित हुने भएमा खण्डित शेयरलाई माथिल्लो पूर्ण कित्ताको रुपमा आवेदन दिन सक्नेछन् । उदाहरणको लागि आवेदन दिनुपर्ने कित्ता खण्डित अर्थात ३.१ हुन आएमा खण्डितको रुपमा रहेको अंकको माथिल्लो अंक अर्थात ४ कित्ताका (खण्डित शेयर ३.१को माथिल्लो पूर्णाङ्क भनेको ४ भएकोले) लागि प्रति शेयर रु १०० कित्ताका दरले आवेदन दिन सक्नेछन् । यसरी आवेदन गर्दा पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र थप धितोपत्रहरु बोर्डमा दर्ता गर्न साधारण सभाबाट निर्णय गराइनेछ ।

**ण) संगठित संस्थाको विगतको तथा आगामी ३ बर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :**

विगत तीन वर्षको वास्तविक तथा आगामी तीन वर्षका लागि अनुमानित वित्तीय स्थिति देहाय अनुसार छ ।

**वासलात**

**(रु. हजारमा)**

| विवरण | वास्तविक | | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. ०७२/७३ | आ.व. ०७३/७४ | आ.व. ०७४/७५ | *आ.व. ०७५।७६ चैत्र मसान्त | आ.ब. २०७५/०७६ | आ.ब. २०७६/०७७ | आ.ब. २०७७/०७८ |
| **पूंजी तथा दायित्व** | | | | | | | |
| १. शेयर पूंजी | ४६,८०० | ७७,७६० | ९९,९३३ | १०१,०८८ | १०१,०८८ | २०२,१७६ | २०२,१७६ |
| २. जगेडा कोषहरु | १३,८७९ | २६,१३७ | ४१,१३० | ९४,१४२ | १११,७९९ | १९३,०३६ | ३१२,५०६ |
| ३. ऋणपत्र तथा वन्ड | – | – | – | – | – | – | – |
| ४. तिर्न वांकी कर्जा तथा सापट | २२८,३५५ | ३२१,९३३ | ७२९,६९९ | ९३०,४३९ | १,१२६,०८३ | १,५६३,९१७ | २,१११,२८७ |
| ५. निक्षेप दायित्व | १३२,१७९ | २४६,५१७ | ४२९,४६९ | ५६२,३९४ | ६६५,६७६ | ९३१,९४७ | १,२५८,१२८ |
| ६. भुक्तानी दिनु पर्ने विलहरु | – | – | – | – | – | – | – |
| ७. प्रस्तावित तथा भुक्तानी दिन वांकी लाभांश | ५९८ | ६८२ | २५,२७२ | – | – | – | – |
| ८. आयकर दायित्व | ५६२ | ४९१ | १,१५६ | १९,२२१ | २,६५२ | ३,४८१ | ५,१२० |
| ९. अन्य दायित्व | २१,४५७ | ३८,७४६ | ६६,७५६ | १२४,४२५ | ८९,५५८ | ११७,३१६ | १४२,८३७ |
| **कुल दायित्व** | **४४३,८३०** | **७१२,२६६** | **१,३९३,४१५** | **१,८३१,७१०** | **२,०९६,८५८** | **३,०११,८७३** | **४,०३२,०५४** |
| **सम्पत्ती** | | | | | | | |
| १. नगद मौज्दात | – | – | – | | – | – | – |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | १० | १० | १० | १०,३५७ | १० | १० | १० |
| ३. बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ५२,१४६ | ५७,५१६ | १३८,६१७ | | १०२,९६७ | २३६,९२९ | २८७,१७१ |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | – | – | – | ८९,२१० | – | – | – |
| ५. लगानी | – | १,००० | १,००० | १,००० | १,००० | १,००० | १,००० |
| ६. कर्जा सापट तथा विल खरिद | ३८४,३७९ | ६४२,९०२ | १,२१६,६५० | १,६७२,६८३ | १,९५०,५९५ | २,७३३,७९५ | ३,६९२,८५७ |
| ७. स्थिर सम्पत्ती | ४,६८० | ४,६८१ | १७,५६४ | २०,९५३ | १७,८२३ | १८,४७० | १९,३६४ |
| ८. गैर वैंकिंग सम्पत्ती | – | – | – | – | – | – | – |
| ९. अन्य सम्पत्ती | २,६१५ | ६,१५७ | १९,५७४ | ३७,५०७ | २४,४६३ | २१,६६९ | ३१,६५२ |
| **कुल सम्पत्ती** | **४४३,८३०** | **७१२,२६६** | **१,३९३,४१५** | **१,८३१,७१०** | **२,०९६,८५८** | **३,०११,८७३** | **४,०३२,०५४** |

***आर्थिक वर्ष २०७५/०७६ चैत्र मसान्त सम्मको व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण**

**नाफा नोक्सान**

**(रु. हजारमा)**

| | विवरण | वास्तविक | | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|---|
| | | आ.व. ०७२/७३ | आ.व. ०७३/७४ | आ.व. ०७४/७५ | *आ.व. ७५/७६ चैत्र मसान्त | आ.ब. २०७५/०७६ | आ.ब. २०७६/०७७ | आ.ब. २०७७/०७८ |
| १. | ब्याज आम्दानी | ७०,५२१ | ९५,०६७ | १७३,२६७ | १८६,७४९ | २८८,८०३ | ४०२,१७० | ५४९,८८१ |
| २. | ब्याज खर्च | १९,०९९ | ३४,७५१ | ८९,०४५ | ९६,४६९ | १६९,९०७ | २४६,७४३ | ३३७,४४२ |
| | **खूद ब्याज आम्दानी** | **५१,४२२** | **६०,३१६** | **८४,२२०** | **९०,२७९** | **११८,८९६** | **१५५,४२७** | **२१२,४३९** |
| ३. | कमिशन तथा डिस्काउण्ट | – | – | – | – | – | – | – |
| ४. | अन्य संचालन आम्दानी | ७,६९९ | १४,०८७ | ४०,०७२ | ३८,६९० | ५३,७०५ | ६३,९२८ | ८४,५२२ |
| ५. | सटही घटबढ आम्दानी | – | – | – | – | – | – | – |
| | **कूल संचालन आम्दानी** | **५९,१२१** | **७४,४०३** | **१२४,२९२** | **१२८,९६९** | **१७२,६०१** | **२१९,३५४** | **२९६,९६२** |
| ६. | कर्मचारी खर्च | १६,७८२ | २६,६६१ | ३९,९६५ | ३८,९५९ | ४७,६१८ | ५७,३१३ | ६८,५१५ |
| ७. | अन्य संचालन खर्च | ८,६३० | ९,७२० | १६,१८५ | १५,४५२ | १९,५१८ | २५,९७९ | २९,९५६ |
| ८. | सटही घटबढ नोक्सान | – | – | – | | – | – | – |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **संम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मूनाफा** | **३३,७०९** | **३८,०२२** | **६८,१४१** | **७४,५५८** | **१०५,४६५** | **१३६,०६२** | **१९८,४९१** |
| ९. | सम्भावित नोक्सानी ब्यबस्थाहरु | ८,४२२ | ६,५१६ | ७,४८८ | ४,०८० | ११,१६५ | १२,१९२ | १५,५६९ |
| | **संञ्चालन मूनाफा** | **२५,२८६** | **३१,५०५** | **६०,६५२** | **७०,४७८** | **९४,३००** | **१२३,८७०** | **१८२,९२२** |
| १०. | गैर सञ्चालन आम्दानी / नोक्सान | – | – | ६६८ | – | ७३४ | ८०८ | ८८९ |
| ११. | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | २,६५० | १,७२० | १,७६८ | – | २,२२५ | २,९८१ | ३,९२७ |
| | **नियमित कारोवारबाट भएको मुनाफा** | **२७,९३६** | **३३,२२५** | **६३,०८८** | **७०,४७८** | **९७,२५९** | **१२७,६५८** | **१८७,७३८** |
| १२. | असामान्य कारोवारहरुबाट भएको मुनाफा/खर्च | – | – | – | – | – | – | – |
| | **सम्पुर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | **२७,९३६** | **३३,२२५** | **६३,०८८** | **७०,४७८** | **९७,२५९** | **१२७,६५८** | **१८७,७३८** |
| १३. | कर्मचारी बोनस ब्यबस्था | २,५४० | ३,०२० | ५,७३५ | ६,४०७ | ८,८४२ | ११,६०५ | १७,०६७ |
| १४. | आयकर ब्यबस्था | ७,६२५ | ९,०७६ | १७,०८६ | १९,२२१ | २६,५२५ | ३४,८१६ | ५१,२०१ |
| **खूद नाफा/नोक्सान** | | **१७,७७१** | **२१,१२९** | **४०,२६५** | **४४,८४९** | **६१,८९२** | **८१,२३७** | **११९,४६९** |
| **शेयर संख्या (हजारमा)** | | ४६८ | ७७७.६ | ९९९.३३ | १,०१०.८८ | १०१०.८८ | २,०२१.७६ | २,०२१.७६ |
| **प्रति शेयर आम्दानी (रु)** | | ४९.३६ | ३२.६१ | ५१.७५ | ५९.१६ | ६१.२३ | ४०.१८ | ५९.०९ |

***आर्थिक वर्ष २०७५/०७६ चैत्र मसान्त सम्मको व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण**

**वित्तीय प्रक्षेपणका आधार तथा तरिका :**

| **विवरण** | **प्रक्षेपित(%)** | | |
|---|---|---|---|
| | **२०७५/०७६** | **२०७६/०७७** | **२०७७/०७८** |
| निक्षेपमा बृद्धिदर (प्रतिशतमा) | ५५.००% | ४०.००% | ३५.००% |
| कर्जा तथा सापटमा बृद्धिदर (प्रतिशतमा) | ६०.००% | ४०.००% | ३५.००% |
| ऋण सापटीमा वृद्धि दर | ५५.००% | ४०.००% | ३५.००% |
| Liquid Position (% of Deposit and Borrowing) | १२.५०% | १२.५०% | १२.५०% |
| निस्क्रिय कर्जा सापट तथा जम्मा कर्जाको अनुपात | ०.७५% | ०.६०% | ०.५५% |
| ट्रेजरी बिलको ब्याजदर | ९.००% | ९.००% | ९.००% |
| अग्रिम कर्जा सापटको औषत व्याजदर | १७.९५% | १७.००% | १७.००% |
| निक्षेपमा प्रदान गर्ने औषत व्याजदर | ९.००% | ९.००% | ९.००% |
| बैक सापट गर्ने औषत व्याजदर | १३.००% | १३.००% | १३.००% |
| Recovery of Accrued Interest on Performing Loan | ९८.५०% | ९८.५०% | ९८.५०% |
| माग तथा अल्प सूचनामा प्राप्त हुने रकमको व्याजदर | ४.००% | ४.००% | ४.००% |
| Service Charge on Loan Processing | १.९०% | १.९०% | १.९०% |
| ऋण रिसाइकल दर | ८०.००% | ८०.००% | ८०.००% |
| कमिसन तथा डिस्काउन्ट आम्दानीमा बृद्धिदर | ३०.००% | ३५.००% | ४०.००% |
| अन्य सञ्चालन आम्दानीमा बृद्धिदर | ६५.००% | ३०.००% | २०.००% |
| कर्मचारी खर्चमा बृद्धिदर | ५०.००% | ६५.००% | ७०.००% |
| आयकर ब्यवस्था (प्रतिशतमा) | ३०.००% | ३०.००% | ३०.००% |
| तलब बृद्धी | २०.००% | २०.००% | २०.००% |
| तरलता (CRR) | ०.५१% | ०.५१% | ०.५१% |
| बैधानिक तरलता अनुपात (SLR) | ४.५०% | ४.५०% | ५.५०% |
| पूँजीकोष पर्याप्तता (CAR) | ८.००% | ८.००% | ८.००% |
| प्राथमिक पूँजी पर्याप्तता (CAR) | ४.००% | ४.००% | ४.००% |

**#** माथि उल्लेख गरिएका वित्तीय विवरण तथा प्रक्षेपित वित्तीय विवरण तयार र विश्लेषण गर्ने व्यवसायिक संस्थामा निष्काशनकर्ता लघुवित्त वित्तीय संस्था आफै रहेको छ । निष्काशनकर्ता संस्थाले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा प्रेषित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु ठिक छ भनी प्रमाणित गर्नेमा प्रतिक खनाल एण्ड एसोसियट्स, चार्टड एकाउन्टेन्टस तर्फबाट सि.ए. श्री प्रतिक खनाल हुनुहुन्छ ।

**बित्तिय प्रक्षेपणका प्रमुख आधारहरु :**

यस वित्तीय संस्थाले विगत तथा वर्तमान अवस्थामा भएको कारोवार वृद्धि तथा सो संग सम्वन्धित आम्दानी र खर्चहरुको अनुभव र यथार्थ उपलब्धी तथा भविष्यमा आर्जन हुन सक्ने अपेक्षित सदस्यको बचत र कर्जा सापट रकम सोको वित्तीय लागत तथा सोको लगानीबाट प्राप्त हुन सक्ने अपेक्षित व्याज आम्दानी तथा कारोवारको सिलसिलामा हुन सक्ने अपेक्षित खर्चहरुको आधारमा वित्तीय प्रक्षेपण गरिएको छ ।

(१) निक्षेपमा बृद्धिदर (प्रतिशतमा) : संस्थाले आ.व. २०७३/७४ को असाढ मसान्तबाट आ.व. २०७४/७५ को असाढ मसान्त सम्ममा कुल निक्षेपमा रकममा ७४।२१ प्रतिशत तथा चालु आ.व. चैत्र मसान्त सम्ममा ३०।९५ प्रतिशत बृद्धि भएको छ । संस्थाको व्यवस्थापनले गर्ने योजना अनुसार आ.व., २०७५।७६, २०७६।७७ र २०७७।७८ मा क्रमश ५५, ४० र ३५ प्रतिशतले कुल निक्षेपमा बृद्धि हुने प्रक्षेपण गरिएको छ । शाखा कार्यालय विस्तार गर्ने योजना अनुरुप निक्षेपमा प्रक्षेपण गरिएको छ ।

(२) कर्जा तथा सापटीमा बृद्धिदर (प्रतिशतमा) : संस्थाले आ.व. २०७३/७४ को असाढ मसान्तबाट आ.व. २०७४/७५ को असाढ मसान्त सम्ममा कुल कर्जा तथा सापटीमा रकममा ८९।२४ प्रतिशत तथा चालु आ.व. चैत्र मसान्त सम्ममा ३७।४८ प्रतिशत बृद्धि भएको छ । संस्थाको व्यवस्थापनले गर्ने योजना अनुसार आ.व. २०७५।७६, २०७६।७७ र २०७७।७८ मा क्रमश ६०, ४० र ३५ प्रतिशतले कुल कर्जा तथा सापटीमा बृद्धि हुने प्रक्षेपण गरिएको छ । शाखा कार्यालय विस्तार गर्ने योजना अनुरुप कर्जा लगानीमा प्रक्षेपण गरिएको छ ।

(३) ऋण सापटीमा बृद्धिदर : संस्थाले आ.व. २०७३/७४ को असाढ मसान्तबाट आ.व. २०७४/७५ को असाढ मसान्त सम्ममा ऋण सापटीमा रकममा १२६।६६ प्रतिशत तथा चालु आ.व. चैत्र मसान्त सम्ममा २७।५१ प्रतिशत बृद्धि भएको छ । संस्थाको व्यवस्थापनले गर्ने योजना अनुसार आ.व. २०७५।७६, २०७६।७७ र २०७७।७८ मा क्रमश ५५, ४० र ३५ प्रतिशतले ऋण सापटीमा बृद्धि हुने प्रक्षेपण गरिएको छ । कर्जा लगानीमा हुने बृद्धि बमोजिम ऋण सापटीमा बृद्धि हुने प्रक्षेपण गरिएको छ ।

(४) कर्जा सापटीमा प्राप्त हुने औषत व्याजदर : संस्थाले आ.व. २०७४/७५ मा कर्जा सापटीमा प्राप्त औषत व्याजदर १७।९६ प्रतिशत तथा चालु आ.व. चैत्र मसान्त सम्ममा १८.१९ प्रतिशत रहेको छ । संस्थाको व्यवस्थापनले गर्ने योजना अनुसार आ.व. २०७५।७६, २०७६।७७ र २०७७।७८ मा क्रमश १७।९५, १७।०० र १७।०० प्रतिशतले कर्जा सापटीमा प्राप्त औषत व्याजदर हुने प्रक्षेपण गरिएको छ । उक्त प्रक्षेपण कर्जा लगानीमा हुने बृद्धि बमोजिम हुने अनुमान गरिएको ।

(५) निक्षेपमा प्रदान गर्ने औषत व्याजदर: संस्थाले आ.व. २०७४/७५ मा निक्षेपमा प्रदान गर्ने औषत व्याजदर ८।५७ प्रतिशत रहेको छ । संस्थाको व्यवस्थापनले गर्ने योजना अनुसार आ.व. २०७५।७६, २०७६।७७ र २०७७।७८ मा क्रमश ९, ९ र ९ प्रतिशतले निक्षेपमा प्रदान गर्ने औषत व्याजदर हुने प्रक्षेपण गरिएको छ । उक्त प्रक्षेपण निक्षेपमा हुने बृद्धि बमोजिम हुने अनुमान गरिएको ।

(६) अन्य सञ्चालन आम्दानीमा बृद्धिदर : संस्थाले आ.व. २०७३/७४ को असाढ मसान्तबाट आ.व. २०७४/७५ को असाढ मसान्त सम्ममा अन्य सञ्चालन आम्दानीमा १८४।४६ प्रतिशत तथा चालु आ.व. चैत्र मसान्त सम्ममा २७।८८ प्रतिशत बृद्धि भएको छ । संस्थाको व्यवस्थापनले गर्ने योजना अनुसार आ.व. २०७५।७६, २०७६।७७ र २०७७।७८ मा क्रमश ६५, ३० र २० प्रतिशतले ऋण सापटीमा बृद्धि हुने प्रक्षेपण गरिएको छ । चालु आर्थिक वर्षमा विविध प्रोडक्टहरु थप गरिएको हुँदा अन्य सञ्चालन आम्दानीमा त्यस सँग सम्बन्धित आम्दानीको हिस्साले उल्लेख्य योगदान गरेको छ ।

(७) सेवा शुल्कमा औषत बृद्धिदर : संस्थाले आ.व. २०७४/७५ मा संस्थाले प्रबाह गरेको कर्जा रकममा १।८२ प्रतिशतसेवा शुल्क औषत प्राप्त भएको । संस्थाको व्यवस्थापनले गर्ने योजना अनुसार कुल कर्जा वितरणबाट आ.व. २०७५।७६, २०७६।७७ र २०७७।७८ मा क्रमश १।९०, १।९० र १।९० प्रतिशतले सेवा शुल्क प्राप्त हुने प्रक्षेपण गरिएको छ ।

(८) आयकर व्यवस्था (प्रतिशतमा) : आयकर ऐन, २०५८ बमोजिम ३० प्रतिशत रहने गरी आयकर व्यवस्था गरिएको छ ।

(९) कर्मचारी खर्चमा बृद्धिदर : संस्थाले आ.व. २०७३/७४ को असाढ मसान्तबाट आ.व. २०७४/७५ को असाढ मसान्त सम्ममा कर्मचारी खर्चमा ४९।९० प्रतिशत बृद्धि भएको छ । संस्थाको व्यवस्थापनले गर्ने योजना अनुसार आ.व. २०७५।७६, २०७६।७७ र २०७७।७८ मा क्रमश ५०, ६५ र ७० प्रतिशतले कर्मचारी तलब बृद्धि हुने प्रक्षेपण गरिएको छ ।

(१०) तरलता (CRR) : नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त “घ” वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन बमोजिम तोकिएको ०.५१ प्रतिशत रहने गरी तरलता व्यवस्था गरिएको ।

(११) बैधानिक तरलता अनुपात (SLR) : नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त “घ” वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन बमोजिम तोकिएका ४.५० प्रतिशत रहने गरि बैधानिक तरलता अनुपात व्यवस्था गरिएको ।

(१२) पूँजीकोष पर्याप्तता (CAR) : नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त “घ” वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन बमोजिम तोकिएका ८.०० प्रतिशत रहने गरि पूँजीकोष पर्याप्तता व्यवस्था गरिएको ।

**कम्पनीको वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि खुद बाँकी हुने सम्पत्ति (नेटवर्थ) :**

(रु. हजारमा)

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.व ०७२/०७३ | आ.ब. २०७३/०७४ | आ.ब. २०७४/०७५ | आ.ब. २०७५/०७६ | आ.ब. २०७६/०७७ | आ.ब. २०७७/०७८ |
| **चुक्ता पूँजी** | ४६,८०० | ७७,७६० | ९९,९३३ | १०१,०८८ | २०२,१७६ | २०२,१७६ |
| **जगेडा तथा कोष** | १३,८७९ | २६,१३७ | ४१,१३० | १११,७९९ | १९३,०३६ | ३१२,५०६ |
| **कुल** | **६०,६७९** | **१०३,८९७** | **१४१,०६३** | **२१२,८८७** | **३९५,२१२** | **५१४,६८२** |
| **घटाउने : अपलेखन गर्न बाँकी खर्च** | - | - | - | - | - | - |
| **कुल नेटवर्थ** | **६०,६७९** | **१०३,८९७** | **१४१,०६३** | **२१२,८८७** | **३९५,२१२** | **५१४,६८२** |
| शेयर संख्या (हजारमा) | ४६८ | ७७८ | ९९९ | १,०११ | २,०२१ | २,०२१ |
| प्रति शेयर नेटवर्थ (रु.) | १२९.६६ | १३३.६१ | १४१.१६ | २१०.५० | १९५.४८ | २५४.५७ |
| नेटवर्थमा औसत प्रतिफल | ३४.८२% | ३८.७५% | १८.६१% | २९.०७ % | २०.५६% | २३.२१% |
| प्रति शेयर आम्दानी | ४९.३६ | ३२.६१ | ५१.७५ | ६१.२३ | ४०.१८ | ५९.०९ |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा | | | | **३६.७८%** | | |

**त) संगठित संस्थाको पछिल्लो बर्षको लेखापरीक्षण भएको वासलात र नाफा नोक्सान हिसाबको विवरण :**

**२०७५ आषाढ मसान्तको वासलात**

| विवरण | रकम (रु. हजारमा) |
|---|---|
| **पूंजी तथा दायित्व** | |
| १. शेयर पूंजी | ९९,९३३ |
| २. जगेडा कोषहरु | ४१,१३० |
| ३. ऋणपत्र तथा वन्ड | - |
| ४. तिर्न वांकी कर्जा तथा सापट | ७२९,६९९ |
| ५. निक्षेप दायित्व | ४२९,४६९ |
| ६. भुक्तानी दिनु पर्ने विलहरु | - |
| ७. प्रस्तावित तथा भुक्तानी दिन वांकी लाभांश | २५,२७२ |
| ८. आयकर दायित्व | १,१५६ |
| ९. अन्य दायित्व | ६६,७५६ |
| **कुल दायित्व** | **१,३९३,४१५** |
| **सम्पत्ती** | |
| १. नगद मौज्दात | - |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | १० |
| ३. बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | १३८,६१७ |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | - |
| ५. लगानी | १,००० |
| ६. कर्जा सापट तथा विल खरिद | १,२१६,६५० |
| ७. स्थिर सम्पत्ती | १७,५६४ |
| ८. गैर वैंकिंग सम्पत्ती | - |
| ९. अन्य सम्पत्ती | १९,५७४ |
| **कुल सम्पत्ती** | **१,३९३,४१५** |

### २०७४ श्रावण १ गते देखि २०७५ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब

| विवरण | | रकम (रु. हजारमा) |
|---|---|---|
| १. | ब्याज आम्दानी | १७३,२६७ |
| २. | ब्याज खर्च | ८९,०४५ |
| | **खूद ब्याज आम्दानी** | ८४,२२० |
| ३. | कमिशन तथा डिस्काउण्ट | - |
| ४. | अन्य संचालन आम्दानी | ४०,०७२ |
| ५. | सटही घटबढ आम्दानी | - |
| | **कूल संचालन आम्दानी** | १२४,२९२ |
| ६. | कर्मचारी खर्च | ३९,९६५ |
| ७. | अन्य संचालन खर्च | १६,१८५ |
| ८. | सटही घटबढ नोक्सान | - |
| | **संम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | ६८,१४१ |
| ९. | सम्भावित नोक्सानी ब्यबस्थाहरु | ७४,८८ |
| | **संञ्चालन मुनाफा** | ६,०६२ |
| १०. | गैर सञ्चालन आम्दानी / नोक्सान | ६६८ |
| ११. | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | १,७६८ |
| | **नियमित कारोवारबाट भएको मुनाफा** | ६३,०८८ |
| १२. | असामान्य कारोवारहरुबाट भएको मुनाफा/खर्च | - |
| | **सम्पुर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | ६३,०८८ |
| १३. | कर्मचारी बोनस ब्यबस्था | ५,७३५ |
| १४. | आयकर व्यबस्था | १७,०८६ |
| **खुद नाफा/नोक्सान** | | ४०,२६५ |

**त(१) आर्थिक वर्ष समाप्त भएपछि हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश गरेको मितिसम्ममा वासलातको मिति पछिको घटनाको बारेमा छुट्टै जानकारी विवरणमा समावेश गर्नुपर्ने :**

### वासलात

(रु. हजारमा)

| विवरण | *आ.व. ०७५।७६ चैत्र मसान्त |
|---|---|
| **पूंजी तथा दायित्व** | |
| १. शेयर पूंजी | १०१,०८८ |
| २. जगेडा कोषहरु | ९४,१४२ |
| ३. ऋणपत्र तथा वन्ड | - |
| ४. तिर्न वांकी कर्जा तथा सापट | ९३०,४३९ |
| ५. निक्षेप दायित्व | ५६२,३९४ |
| ६. भुक्तानी दिनु पर्ने विलहरु | - |
| ७. प्रस्तावित तथा भुक्तानी दिन वांकी लाभांश | |
| ८. आयकर दायित्व | १९,२२१ |
| ९. अन्य दायित्व | १२४,४२५ |
| **कुल दायित्व** | **१,८३१,७१०** |
| **सम्पत्ती** | |
| १. नगद मौज्दात | १०,३५७ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | |
| ३. बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | ८९,२१० |
| ५. लगानी | १,००० |
| ६. कर्जा सापट तथा विल खरिद | १,६७२,६८३ |
| ७. स्थिर सम्पत्ती | २०,९५३ |
| ८. गैर वैंकिंग सम्पत्ती | - |

| | |
|---|---|
| ९. अन्य सम्पत्ती | ३७,५०७ |
| **कुल सम्पत्ती** | **१,८३१,७१०** |

## नाफा नोक्सान

(रु. हजारमा)

| विवरण | | *आ.व. ७५/७६ चैत्र मसान्त |
|---|---|---|
| १. | ब्याज आम्दानी | १८६,७४९ |
| २. | ब्याज खर्च | ९६,४६९ |
| | **खूद ब्याज आम्दानी** | **९०,२७९** |
| ३. | कमिशन तथा डिस्काउण्ट | - |
| ४. | अन्य संचालन आम्दानी | ३८,६९० |
| ५. | सटही घटबढ आम्दानी | - |
| | **कूल संचालन आम्दानी** | **१२८,९६९** |
| ६. | कर्मचारी खर्च | ३८,९५९ |
| ७. | अन्य संचालन खर्च | १५,४५२ |
| ८. | सटही घटबढ नोक्सान | - |
| | **संम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मूनाफा** | **७४,५५८** |
| ९. | सम्भावित नोक्सानी ब्यबस्थाहरु | ४,०८० |
| | **संञ्चालन मूनाफा** | **७०,४७८** |
| १०. | गैर सञ्चालन आम्दानी / नोक्सान | - |
| ११. | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | - |
| | **नियमित कारोवारबाट भएको मुनाफा** | **७०,४७८** |
| १२. | असामान्य कारोवारहरुबाट भएको मुनाफा/खर्च | - |
| | **सम्पुर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | **७०,४७८** |
| १३. | कर्मचारी बोनस ब्यबस्था | ६,४०७ |
| १४. | आयकर ब्यबस्था | १९,२२१ |
| **खूद नाफा/नोक्सान** | | **४४,८४९** |
| **शेयर संख्या (हजारमा)** | | १,०१०.८८ |
| **प्रति शेयर आम्दानी (रु)** | | ५९.१६ |

***आर्थिक वर्ष २०७५/०७६ चैत्र मसान्त सम्मको व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण**

**त(२) धितोपत्र निष्काशन खुल्ला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमाउल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसायसंचालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी ताँत्विक परिवर्तन भएमा त्यस्तो संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्धी कार्य शुरु गर्नुपर्नेछ :**

धितोपत्र निष्काशन खुल्ला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय संचालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्ध कार्य शुरु गर्नेछौं ।

**थ) संगठित संस्थाले गर्ने भएको काममा निहित संभाबित जोखिमहरु :**

क) नयाँ लघुवित्त वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।

ख) लघुवित्त वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम।

ग) देशको राजनैतिक कारणबाट हुने बन्द हडतालबाट उत्पन्न हुन सक्ने जोखिमहरु ।

घ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।

ङ) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु ।

च) निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।
छ) पूंजी बजारको अवस्थामा आउने उतचार चढावबाट पर्न सक्ने जोखिमहरु ।
ज) अन्तर्राष्ट्रिय बजारमा घटने आकस्मिक घट्ना तथा मन्दीबाट नेपाली बजारमा पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।
झ) देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु ।
ञ) देशको बैदेशिक नीतिमा हुन सक्ने परिवर्तन तथा बैदेशिक मुद्राको विनिमय दरमा घट्बढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।

लघुवित्त वित्तीय संस्थाको कर्जा तथा लगानी खराब भई हुनसक्ने जोखिमहरुको लागि लघुवित्त वित्तीय संस्थाले कर्जा तथा लगानी जोखिम कोषको व्यवस्था गर्नेछ । लघुवित्त वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको साथै क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिमहरु न्यूनीकरण गर्नका लागि जनशक्ति विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यवसायिक जोखिमहरुबाट सिर्जना हुनसक्ने हानि-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानि-नोक्सानी कम गर्न सक्षम र प्रतिबद्ध छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवम् समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने लघुवित्त वित्तीय संस्थाको नीति रहेको व्यहोरा जानकारी गराउँछौं ।

**सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न लघुवित्त वित्तीय संस्थाले निम्न उपायहरु अवलम्वन गर्दै आइरहेको छ ।**

क) आफ्नो सेवालाई अझ प्रतिस्पर्धी बनाई सदस्यमुखी सेवाहरु प्रदान गर्ने छ ।
ख) मध्यकालीन तथा दीर्घकालीन कर्जा सापटीहरु खराब कर्जामा परिणत भई उत्पन्न हुने जोखिम कम गर्नका लागि लघुवित्त वित्तीय संस्थाले प्रभावकारी कर्जा अनुगमन नीति अवलम्वन गरेको छ ।
ग) त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसार आधुनिक प्रविधि अपानाउने, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने लघुवित्त वित्तीय संस्थाको नीति रहेको छ ।

**धितोपत्रको मूल्य परिवर्तन सम्वन्धी जोखिम**

रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात धितोपत्र बिनिमय बजारमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

**द) धितोपत्र बाँडफाँट सम्बन्धी व्यवस्था :**

लघुवित्त वित्तीय संस्थाले सार्वजनिक रुपमा आफ्नो शेयरधनीहरुमा हकप्रद आधारमा खरिद आव्हान गरेको शेयर बिक्री बन्द भएको मितिले बढीमा ३० दिनभित्र शेयरहरुको बाँडफाँड गरी सोको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नेछ ।

**ध) संगठित संस्थाको प्रबन्धपत्र नियमावली, पछिल्लो वर्षको लेखा परीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, लेखा परीक्षण प्रतिवेदन निरीक्षण गर्न पाइने समय र स्थान :**

लघुवित्त वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय धादिङ्ग तथा धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौमा कार्यालय समय भित्र सम्पर्क राखि लघुवित्त वित्तीय संस्थाको प्रवन्धपत्र नियमावली, पछिल्लो बर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव तथा लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाईने छ ।

**न) निष्काशन हुने धितोपत्र प्रत्याभूति गरेको भए सो को विवरण**

प्रत्याभुति नगरिएको ।

**प) शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :**

"धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" को दफा ६ मा भएको व्यवस्था अनुसार धितोपत्र सूचीकरणका लागि नेपाल धितोपत्र बोर्डबाट हकप्रद शेयर स्वीकृत भएको बढीमा सात कार्य दिनभित्र आफ्नो धितोपत्र सूचीकरणका लागि नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा निवेदन दिई सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई दिईनेछ र हकप्रद शेयर स्विकृत भएको भएको सात कार्य दिनभित्र सङ्गठित

संस्थाले आफ्नो धितोपत्रको अभौतिकीकरणका लागि सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा निवेदन दिई सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई दिइनेछ ।

**फ) संगठित संस्थाको कारोवारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण :**

लघुवित्त वित्तीय संस्थाको कारोवारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला नभएको ।

**ब) धितोपत्र खरिद गर्न चाहने आवेदकले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

क) यस विवरणपत्र अनुसार जारी गरिने हकप्रद शेयर खरिदका लागि यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति भन्दा अघिल्लो दिन सम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १ः १ को अनुपातमा (विद्यमान १ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयरको दरले) शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन् ।

ख) प्रत्येक शेयरधनीले शेयरको हकप्रद निष्काशनका लागि दरखास्त दिंदा लघुवित्त वित्तीय संस्थाद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, हाल कायम रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर(हरु), आफूले खरिद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ ।

ग) दरखास्त फाराममा अंग्रेजी तथा नेपाली दुबै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।

घ) दरखास्तसाथ प्रति शेयर रु. १००।– को दरले आफूले हकप्रद आधारमा खरिद गर्न पाउने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम बैंकमा जम्मा गरेको भौचर वा ड्राफ्ट संलग्न भएको हुनुपर्नेछ । भौचर वा बैंक ड्राफ्ट मार्फत् रकम जम्मा गर्दा भौचर वा ड्राफ्ट नम्बर शेयर आवेदन फारममा अनिवार्य रुपमा खुलाउनुपर्नेछ ।

ङ) यस हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्मकायम शेयरधनीहरुले मात्र यस हकप्रद निष्काशनमा दरखास्त दिन सक्नेछन् । शेयरधनी दर्ता पुस्तिका बन्द भए पश्चात् शेयर खरिद गर्ने शेयरधनीहरु यस हकप्रद निष्काशनका लागि आवेदन दिन योग्य हुने छैनन् ।

च) शेयरधनीहरुले तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त दिनुपर्नेछ । यदि कुनै शेयरधनीबाट तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त प्राप्त हुन नआएमा त्यस्तो दरखास्तलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

छ) "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिए बमोजिम तोकिएको म्यादभित्र दरखास्त नदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सोमा कसैको कुनै पनि प्रकारको दाबी विरोध लाग्नेछैन ।

ज) यस हकप्रद शेयर निष्काशनको समयमा कुनै विवाद भएमा वा ऊजुरी परेमा सो को निवारणका लागि वित्तीय संस्थाको सञ्चालक समितिको निर्णय नै अन्तिम हुनेछ ।

झ) हितग्राही खाता नभएको अवस्थामा हितग्राही खाता नं. माग गरि तथा हितग्राही खाता नम्बर उल्लेख गरेका शेयरधनीहरुको खातामा हकप्रद शेयर बाँडफाँड भई कायम बाँडफाँडमा परेको शेयर कित्ता जम्मा गरिनेछ ।

ञ) आवेदन दिंदा एकै शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएतापनि एउटै मात्र आवेदन मार्फत दरखास्त दिने व्यवस्था रहेकोले सोही अनुसार आवेदन फारम भर्नुपर्ने ।

**भ) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :**

१) साविकको शेयरवालाले देहायको अवस्थामा अन्य कुनै व्यक्तिले खरीद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची-११ को ढाँचामा सम्बन्धीत वित्तीय संस्थाको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौमा निवेदन दिई मनोनयन गर्न सक्नेछः-

(क) हकप्रद शेयर खरीद गर्ने हक अन्य कुनै व्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्था सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा भएको,

(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने व्यवस्था नियम १७ को उपनियम (४) बमोजिम प्रकाशित विवरणमा व्यवस्था गरिएको,

(ग) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली वा सम्बन्धीत नियामक निकायले शेयरको स्वामित्व संख्याको सिमा तोकेकोमा त्यस्तो सिमा भित्र रहेको,

(घ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा सञ्चालक समिति समुहकृत गरिएको भएमा सोही समुहभित्र रहने गरी मात्र मनोनयन गरिएको,

(ङ) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम कालो सूचीमा नरहेको,

(च) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरीद गर्न अयोग्य नभएको ।

२) मनोनयन गर्दा एक व्यक्तिलाई मात्र मनोनयन गर्नु पर्नेछ ।

३) मनोनयनका लागि निवेदन दिँदा निवेदनका साथ हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनी (शेयरवाला)ले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ ।

४) शेयरवालाले आफ्नो हकको हकप्रद शेयर बिक्रीको लागि उपनियम (१) बमोजिम अन्य व्यक्तिलाई मनोनयन गरेमा त्यस्तो शेयरवालाले सोही संगठित संस्थाको अरु शेयरवालाको हकप्रद शेयर खरीद गर्न पाउने छैन ।

५) धितोपत्र बजारले बोर्डको स्वीकृति लिई धितोपत्र बजार मार्फत हक हस्तान्तरण सम्बन्धी व्यवस्था गरेमा सोही बमोजिम हक हस्तान्तरण हुन सक्नेछ ।

उपरोक्त व्यवस्थाको अलावा संस्थापक तथा अन्य शेयरधनीहरुले निम्नानुसारका थप प्रचलित व्यवस्थाहरु पालना गर्नुपर्नेछ ।

क) चुक्ता पूँजीको २ प्रतिशत वा सोभन्दा कम शेयर लिएका संस्थापक शेयरधनीको हकमा बित्तीय संस्थाले नियामक निकायले तोकेको देहायको शर्तको अधिनमा रहि हक हस्तान्तरण गर्न सक्नेछन भने २ प्रतिशत भन्दा माथि शेयर स्वामित्व भएकाको हकमा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिएर मात्र हक हस्तान्तरण गर्न सक्नेछ

ख) संस्थापक/सर्वसाधारण समूहका हकप्रद शेयरको हक हस्तान्तरण आफ्नै समूह/उपसमूहका संस्थापकलाई पहिलो प्राथमिकता दिनुपर्नेछ । यसरी हक हस्तान्तरण गर्दा आफ्नो समूह/उपसमूहमा शेयरको हक हस्तान्तरण हुन नसकेको अवस्थामा विद्यमान अन्य संस्थापकलाई दोस्रो प्राथमिकता दिई हक हस्तान्तरण गर्न सकिने । हकप्रद शेयरको हक हस्तान्तरण विद्यमान संस्थापकहरुबीचमा नै हुने भएमा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन अन्तर्गत रही लगानीको स्रोत र कर चुक्ता गरेको हेरी सम्बन्धीत बित्तीय संस्थाले नै हक हस्तान्तरण गर्न सक्नेछ

ग) माथि (ख) बमोजिम संस्थापक समूहमा शेयरको हक हस्तान्तरण हुन नसक्ने अवस्थामा मात्र अन्य व्यक्ति वा संस्थालाई जुन समूह/उपसमूहबाट शेयरको हक हस्तान्तरण गरी लिएको हो सोही समूह/उपसमूहमा राखिनेछ सो अवस्थामा प्रस्तावित संस्थापक शेयरधनीले नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन अनुसार संस्थापक शेयरधनीका लागि तोकिएको योग्यता (Fit & Proper Test)पूरा गरेको हुनुपर्नेछ । सोका अतिरिक्त प्रस्तावित संस्थापक शेयरधनी कर्जा सूचना केन्द्रको कालो सूचीमा परेको हुनु नहुने र सो प्रस्तावित संस्थापक शेयरधनीले आफ्नो लगानीको स्रोत खुल्ने कागजातका साथै कर चुक्ता प्रमाणपत्र /वा कर दाखिला गरेको निस्सा समेत पेश गरेको हुनुपर्ने ।

घ) माथि बुँदा नं. (ख) बमोजिम संस्थापक/संस्थापक समूहको हकप्रद शेयरको हक हस्तान्तरण आफ्नै समूह/उपसमूहका संस्थापकलाई पहिलो प्राथमिकता दिँदा देहाय बमोजिमको प्रक्रिया अपनाउनुपर्नेछ ।

- हकप्रद शेयरको हक हस्तान्तरण गर्न चाहने शेयरधनीले बिक्री मूल्य तोकी हक हस्तान्तरण गर्न चाहेको निवेदन बित्तीय संस्थामा पेश गर्नुपर्नेछ ।
- यसरी निवेदन पेश गरेपछि ७ दिनको समय तोकी वित्तीय संस्थाले पहिलो प्राथमिकतामा परेका शेयरधनीलाई सूचना दिनुपर्नेछ ।
- यसरी पहिलो प्राथमिकतामा परेका शेयरधनीले ७ दिनभित्र सो मूल्यमा हक लिन नचाहेमा अन्य संस्थापकलाई बित्तीय संस्थाले सूचना दिनुपर्नेछ । तत्पश्चात अन्य संस्थापकलाई दोस्रो प्राथमिकता दिई हक हस्तान्तरण गर्न सकिनेछ

ङ) उपरोक्त व्यवस्थामा जुनसुकै कुरा लेखिएको भएतापनि वित्तीय संस्थाका सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिव वा बैंकको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बाहाल रहँदाको बखत वा त्यस्तो पद छाडेको एक वर्षसम्म यस बित्तीय संस्था वा यसको सहायक कम्पनीको हकप्रद शेयर अन्य कुनै व्यक्ति वा संस्थालाई हक हस्तान्तरण गरिदिन वा अन्य कुनै व्यक्ति वा संस्थाबाट हक हस्तान्तरण स्वीकार गरिलिन नहुने ।

म) **संगठित संस्थाको लेखापरिक्षक, कम्पनी सचिव, वित्तिय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम ठेगाना उल्लेख गर्नुपर्ने :**

क) लघुवित्त वित्तीय संस्थाको लेखापरीक्षकमा चार्टड एकाउण्टेण्टस् संस्था एच पाठक एण्ड एशोसियट्स काठमाण्डौ का सिए हिमाञ्चल पाठक रहेका छन । आर्थिक बर्ष २०७४।७५ को लेखापरिक्षकको प्रतिबेदन यस विवरणको अनुसूची–१ मा उल्लेख गरिएको छ ।

ख) लघुवित्त वित्तीय संस्थाको कम्पनी सचिवमा श्री प्रमेश आचार्य रहनुभएको छ ।

ग) लघुवित्त वित्तीय संस्थाको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोवारको आधारमा कम्पनी आफैले तयार गरेको हो । उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थ परक भएको व्यहोरा ब्यबसायिक संस्था श्री प्रतिक खनाल एण्ड एसोसियट्सका तर्फवाट सि.ए. श्री प्रतिक खनालले प्रमाणित गर्नुभएको हो ।

घ) यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" ब्यबसायिक संस्था सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंले तयार गरेको हो ।

ङ) यस हकप्रद शेयर निष्काशनका लागि धितोपत्र निष्काशन तथा विक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौं रहेको छ ।

य) **हकप्रद शेयर जारी गर्नुको उद्देश्य :**

नेपाल राष्ट्र बैंकको तोकेको पुँजीकोष अनुपात निर्धारण सुत्र अनुसार प्रथमिक पुँजी तथा पूरक पुँजीको योगलाई जोखिम भरित सम्पत्तीको योगले भाग गरे पश्चात कायम हुने अनुपातलाई न्यूनतम ८ प्रतिशत भन्दा अधिक विन्दु कायम हुने गरी व्यवस्था गर्नुपर्ने तथा नेपाल राष्ट्र बैंकले जारी गरेको वित्तीय विवरण प्रकाशान गर्न सहमति प्रदान गर्ने तथा लाभांश स्वीकृत गर्ने सम्बन्धि कार्यविधि २०७२ अनुसार लघुवित्त संस्थाको हकमा ९ प्रतिशत वा सो भन्दा बढि पुँजीकोष कायम गरेमा मात्रै नगद लाभांश घोषणा गर्न वा वितरण गर्न स्वीकृती दिने व्यवस्था रहेको छ । नियमक निकायले गरेको उक्त व्यवस्था अनुकुल व्यवसायिक कारोवार बृद्धि अनुरुप आवश्यक पुँजीकोष पुर्‍याउन तथा संस्थाले नगद लाभांश घोषणा गर्दा समेत आगामी दिनमा पूँजीकोष अनुपात कायम गर्न सहज हुने हेतुले हकप्रद शेयर निष्काशनको उद्देश्य लिइएको छ ।

**१. हकप्रद शेयर जारी गर्नुको उद्देश्य तथा योजना :**

क) लघुवित्त वित्तीय संस्थाको साधारण सभाबाट पारित भए बमोजिम चुक्ता पुँजीमा एक शेयर वरावर एक शेयर (१:१) को अनुपातमा हकप्रद शेयर निष्काशन गरि लघुवित्त वित्तीय संस्थालाई आवश्यक पर्ने पुँजी संकलन गर्ने ।

ख) लघुवित्त वित्तीय संस्थाले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूंजी संकलन गर्न ।

ग) लघुवित्त वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पूंजी जुटाउन ।

**२. हकप्रद शेयरको अनुपातलाई उचित मान्न सकिने आधारहरु :**

यस "हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरण" वमोजिम जारी हुने हकप्रद शेयरको अनुपातलाई उचित मान्ने निम्नानुसार आधारहरु रहेका छन :

क) विगतमा यस लघुवित्त वित्तीय संस्थाले हासिल गरेको आर्थिक वृद्धिदरलाई कायम राख्न, संस्थालाई वित्तीय हिसावले मजवुत राखि राख्न र देशको आर्थिक विकासमा महत्वपूर्ण प्रभाव पार्ने परियोजनाहरु लगायतका ग्रामीण क्षेत्रमा विभिन्न क्षेत्रमा लगानी गर्न सक्ने गरि पूँजी वृद्धि गरि इजाजत प्राप्त संस्थाको निक्षेप तथा लगानीको सीमा अभिवृद्धि गर्नु पर्ने अवस्था रहेको,

ख) सो को लागि लघुवित्त वित्तीय संस्थाले आफ्नो पूँजी वृद्धि गरी वित्तीय क्षेत्रमा बढ्दै गइरहेको प्रतिस्पर्धामा समेतलाई ध्यानमा राखि लघुवित्त वित्तीय संस्थाको स्थितिलाई अझ मजबुद बनाउन ।

ग) सो अनुसार लघुवित्त वित्तीय संस्थाको चुक्ता पुंजी हाललाई रु. २०,२१,७६,०००/- पुर्‍याउनको लागि हाल कायम चुक्ता पुंजी रु.१०,१०,८८,०००/- रहेकोमा न्युनतम १ : १ को अनुपातमा हकप्रद शेयर जारी गर्नु पर्ने अवस्था रहेको ।

घ) लघुवित्त वित्तीय संस्थाले शेयरधनीहरुलाई लगानीमा समय सापेक्ष रुपमा उचित प्रतिफल प्रदान गर्दै आएको, उक्त प्रतिफल पुंजीको उपयोगको हिसावले औचित्यपूर्ण रहेकोले १ :१ को अनुपातलाई उचित मान्न सकिने अवस्था रहेको ।

लघुवित्त वित्तीय संस्थाको हकप्रद शेयर निष्काशनको औचित्य स्पष्ट पार्ने सम्बन्धमा भएको निर्णयको व्यहोरा देहाय बमोजिम रहेको छ ।

- देशका ३२ जिल्ला मात्र कार्य क्षेत्र रहेको र यस वित्तीय संस्था लाई नेपाल राष्ट्र बैंकबाट मिति २०७५/०९/०२ मा राष्ट्रियस्तरको संस्थामा स्तरोन्नती गरिएकोले यस वित्तीय संस्थालाई क्रमश देशको सबै जिल्लाहरुमा शाखा विस्तार गर्न हालको पूँजी अपर्याप्त हुने निश्चत छ । २०७५ पौष मसान्तको परिष्कृत वित्तीय विवरणमा छ महिनाको सञ्चालन मुनाफा समेत समावेश रहेकोले उक्त नाफा बाँडफाँड तथा वितरण पछि पूँजी कोष घट्ने देखिन्छ । मर्जर गर्ने पक्रियामा रहेको वित्तीय संस्था घाटामा रहेको र जगेडा कोष नकारात्मक रहेकोले मर्जर पछि पूँजी कोषमा थप दबाब पर्ने हुँदा हकप्रद शेयर जारी गर्नु आवश्यक देखिएको व्यहोरा अनुरोध छ ।

**३. निष्काशन बाट प्राप्त हुने कुल रकम सम्बन्धमा वित्तीय रूपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण**

यस "हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरण" अनुसार हकप्रद शेयर जारी भई प्राप्त हुने रकम निम्नानुसार शिर्षकमा उपयोग गरिनेछ :

| सि.नं. | शिर्षक | अनुमानित रकम (रु हजारमा) |
|---|---|---|
| १ | तरलता/बैंक तथा वित्तीय संस्थामा राखिने मौज्दात | ९,६८० |
| २ | शाखा विस्तार तथा भौतिक पुर्वाधार निर्माण | १,६८० |
| ३ | कर्जा लगानी - पशुपालन तथा कृषि उत्पादन | ६०,००० |
| ४ | कर्जा लगानी - खुद्रा व्यापार तथा सेवा व्यवसाय | ९,२२८ |
| ५ | कर्जा लगानी - साना तथा घरेलु उद्योग व्यवसाय | २०,५०० |
| **जम्मा** | | **१,०१,०८८** |

**र) हकप्रद शेयर बिक्री खुल्ला अवधि :**

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तीमा पैतिस दिनका लागि खुल्ला राखिनेछ । हकप्रद शेयर विक्री खुल्ला अवधी भित्र सवै धितोपत्र विक्री नभएमा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम १८ बमोजिम बोर्डलाई अग्रिम जानकारी दिई संगठित संस्थाले सूचना प्रकाशन गरी बढीमा थप पन्ध्र दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

**ल) हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरीदको लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

| | |
|---|---|
| १. | श्री वोमी लघुवित्तवित्तीय संस्था लिमिटेड, भरतपुर, चितवन तथा यसका सम्पूर्ण शाखा कार्यालयहरु । |
| २. | श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ । |
| ३ | श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुबाट सि आस्वा (CASBA) प्रणाली मार्फत समेत आवेदन दिन सकिनेछ । |

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा सिद्धार्थ क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरिदका लागि दरखास्त फारम सिधै हुलाक वा कुरियरद्वारा सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंमा पठाउन सकिनेछ । हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

दरखास्त फारमको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा विक्री प्रबन्धकको वेभसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ । शेयरधनीहरुले आफ्नो हक सम्वन्धि विवरण निष्काशनकर्ता कम्पनी श्री वोमी लघुवित्त वित्तीय संस्था लिमिटेडको वेभसाइट www.womimfi.com वा धितोपत्र

निष्काशन तथा विक्री प्रबन्धक श्री सिद्धार्थ क्यापिटल लिमिटेडको वेभसाइट www.siddharthacapital.com मार्फत हेर्न सक्नेछन् ।

साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" लगानीकर्ताले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सूचित निर्णय मा पुग्न सहज गर्ने उद्देश्यले त्यस्ता विवरणहरु सिद्धार्थ क्यापिटल लिमिटेड तथा वोमी लघुवित्त वित्तीय संस्था लिमिटेडको website मा बिक्री बन्द नभएसम्म राखिनेछ । बोर्डबाट स्वीकृत भएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडि सो को एक प्रति (Soft Copy) बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइनेछ ।

**निष्काशन बैंक (Bankers to the Issue):**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशित हकप्रद शेयरहरुको लागि निष्काशन बैंक (Bankers to the Issue) को रुपमा सिद्धार्थ बैंक लिमिटेड, हात्तिसार, काठमाण्डौलाई तोकिएको छ । यस कम्पनीको सर्वसाधारण शेयरधनीहरुका लागि हकप्रद शेयर निष्काशन तथा बिक्री खुल्लाको सूचना प्रकाशन गरिने मितिभन्दा तीन दिन अगाडी नेपाल धितोपत्र बोर्डलाई जानकारी गराई अन्य वाणिज्य बैंकहरुलाई समेत आवश्यकता अनुसार निष्काशन बैंक तोक्न सकिनेछ ।

**व) आफ्नो व्यवसायसँग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उदघोषण :**

वित्तीय संस्थाले आफूले गर्ने व्यवसायसँग सम्बन्धीत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, प्रचलित नियम, कम्पनी ऐन, २०६३ तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायराभित्र रही कार्य गरिरहेको बारेको उद्घोषण बित्तीय संस्थाको रहेको छ । साथै कम्पनी ऐन, २०६३ र अन्य प्रचलित ऐन, नियम बमोजिम बित्तीय संस्थाका सञ्चालकहरु कालो सूचीमा नरहेको र संस्थापक शेयरधनीहरु संस्थापक हुनको लागि अयोग्य नरहेको वित्तीय संस्थाको उद्घोषण रहेको छ । यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो।

**संगठित संस्था अद्यावधिक रहेको सम्बन्धमा**

कम्पनी रजिष्ट्रारको मिति २०७५।१०।१५ को पत्रानुसार कम्पनी रजिष्ट्रारको कार्यालयमा संगठित संस्था आ.व. ०७४।०७५ सम्म अद्यावधिक रहेको छ ।

**क्रेडिट रेटिङ्ग सम्वन्धि विवरण**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार साविक शेयरधनीहरुमा निष्काशन गरिने हकप्रद शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको ब्यबस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त ईक्रा नेपाल लि., डिल्लीबजार काठमाण्डौं बाट क्रेडिट रेटिङ्ग गराई "ईक्रा एनपि आईपियो ग्रेड ४+" प्रमाणपत्र मिति अप्रिल, २०१९ मा प्राप्त गरेको छ । "ईक्रा एनपि आईपियो ग्रेड ४+" ले संगठित संस्थाको अवस्था औषत भन्दा तल आधार (Below Average Fundaments) रहेको देखाउछ । इक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ । ग्रेड २, ३ र ४ मा प्रयोग गरिने +(Plus) चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ ।

**श) पछिल्लो ३ वर्षको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै करोवार भएको संख्या सम्बन्धी विवरण :**

विगत तीन आर्थिक बर्षमा भएको लघुवित्त वित्तीय संस्थाको शेयर कारोवारको विवरण :

| आर्थिक बर्ष | अधिकतम शेयर मूल्य (रु) | न्युनतम शेयर मूल्य (रु) | अन्तिम बजार मूल्य (रु) | शेयर कारोबार संख्या (हजारमा) |
|---|---|---|---|---|
| ०७२/०७३ | ३,४०० | ९३२ | ३,३९० | २,४४९ |
| ०७३/०७४ | २,१६८ | १,७०५ | १,९७९ | १,५६८ |
| ०७४/०७५ | २,१४० | १,११० | १,३८५ | २,३५३ |

आ.ब.२०७५/०७६ को पछिल्लो तीन महिनामा भएको लघुवित्त वित्तीय संस्थाको शेयर कारोवारको विवरण :

| महिना | अधिकतम शेयर मूल्य (रु) | न्युनतम शेयर मूल्य (रु) | अन्तिम बजार मूल्य (रु) | शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| २०७५ चैत्र | मर्जरका कारण कारोबार नभएको | | | |
| २०७६ बैशाख | मर्जरका कारण कारोबार नभएको | | | |

| | |
|---|---|
| २०७६ ज्येष्ठ | मर्जरका कारण कारोबार नभएको |

नोटः लघुवित्त वित्तीय संस्थाको अद्यावधिक बजार मुल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्य सूचीबाट प्राप्त गर्न सकिनेछ ।

**ष) यस "हकप्रद शेयर/परिपत्र विधिबाट निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सहि छाप गर्ने सञ्चालकहरुको नाम तथा दस्तखत ।**

| क्र.स | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री बिन्दीया श्रेष्ठ प्रधान | अध्यक्ष | |
| २. | श्री बिमला उपाध्याय घिमिरे | सञ्चालक | |
| ३. | श्री किशोरी थापा | सञ्चालक | |
| ४. | श्री शिव प्रसाद मिश्र | सञ्चालक | |
| ५. | श्री कृष्ण राज सिलवाल | सञ्चालक | |
| ६ | श्री कमला सापकोटा | सञ्चालक | |

**(स) निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा ऐन र यस नियमावली अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेनस् सर्टिफिकेट) प्रस्तुत गरेका छौ ।